कोशी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

धनकुटा, नेपाल

पत्र संख्या:-२०८३/०८४

चलानी नम्बर:- ४९

मिति: २०८३।०५।२६

*विषय: उच्च शिक्षामा अध्ययनरत विपन्न (दलित र अपाङ्गता भएकाहरूका लागि मात्र) विद्यार्थीहरुलाई छात्रवृत्तिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना।*

प्रस्तुत विषयमा यस निर्देशनालयको आ.व. ०८३/८४ को कार्यक्रम अनुसार विपन्न परिवारका दलित तथा अपाङ्गता भएका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने प्रयोजनका लागि कोशी प्रदेशमा सञ्चालनरत क्याम्पसहरुमा स्नातक तथा स्नातकोत्तर तहमा जुनसुकै वर्ष वा सेमेष्टरमा अध्ययनरत विद्यार्थीहरुले तपसिलमा उल्लेख भए बमोजिमका कागजातहरुसहित २०८३ असोज २० गतेभित्र निर्देशनालयको इमेल ठेगाना planning.edd@gmail.com मा पठाउन हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

१. सम्बन्धित विद्यार्थीको हस्ताक्षर र मोबाइल नं सहितको निवेदन

२. सम्वन्धित वर्ष वा सेमेष्टरमा भर्ना (Admission) गरेको रसिद

३. मासिक शुल्क खुलेको निस्सा

४. १०+२ वा कक्षा १२ वा सो सरहको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाण पत्र

५. स्नातक प्रथम वर्ष वा पहिलो सेमेष्टर बाहेकका वर्ष वा सेमेष्टरमा अध्ययनरत विद्यार्थीको हकमा ठीक अघिल्लो वर्ष वा सेमेष्टरको मार्कसिट (यदि नतिजा प्राप्त भई नसकेको भए क्याम्पस प्रमुखवाट प्रमाणित व्यहोरा अनिवार्य)

६. स्नातकोत्तर तहको हकमा स्नातक तहको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र

७. विपन्न परिवारको सदस्य/विद्यार्थी भएको सम्बन्धित वडाको प्रमाणित पत्र

८. अपाङ्गता भएका विद्यार्थीको हकमा अपाङ्गताको श्रेणी प्रस्ट खुलेको परिचय पत्र

९. दलित विद्यार्थीहरुको हकमा आधिकारिक निकायबाट प्राप्त दलित जातिभित्र रहेको खुल्ने पत्र।

१०. व्यक्तिगत पान नं (यदि भएमा)

११. सम्बन्धित विद्यार्थीको नाममा रहेको बैंक खाताको चेकको प्रति (रकम झिक्न प्रयोग हुने भित्री पाना)

सूर्यराज घिमिरे

नि. निर्देशक